नेपाल उद्योग परिसंघ
पाँचौं तल्ला, ट्रेड टावर नेपाल, पो.ब.नं. २१०५६, थापाथली, काठमाडौं, नेपाल,
फोन: +९७७-१-५१११११२२, ५१११११२३, फ्याक्स: +९७७-१-५१११११२५
E-mail: cni@cnind.org, Website: www.cni.org.np

स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान

**मितिः साउन ९, २०८१**

**प्रेस विज्ञप्ती**

**श्री सम्पादकज्यू,**

**तपसिल बमोजिमको नेपाल उद्योग परिसंघको विज्ञप्ती प्रकाशन/प्रचार प्रसारको लागि आग्रह गर्दछौं । धन्यवाद ।**

---

सीएनआई सर्वेक्षणः उत्पादनमुलक उद्योगहरुको मागमा थप १३.५३ प्रतिशतको संकुचन

काठमान्डौं ।

आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासमा उत्पादनमुलक उद्योगहरुको मागमा थप १३.५३ प्रतिशतले संकुचन आएको छ । नेपाल उद्योग परिसंघ) सीएनआई (ले हरेक त्रैमासमा गर्दै आएको इन्डष्ट्रि स्टाटस रिपोर्ट) आईएसआर (को पछिल्लो सर्वेक्षणले अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा उत्पादनमुलक उद्योगहरुको मागमा कमी आएको देखाएको हो । गत वर्ष अघिल्ले वर्षको सोही अवधिको तुलनामा उत्पादनमुलक क्षेत्रको मागमा ३.०४ प्रतिशतले गिरावट आएको थियो । यस अवधिमा उत्पादन तथा सेवामुलक उद्योगहरुको संयुक्त रुपमा हेर्दा भने २.६४ प्रतिशतले मागमा कमी आएको देखिएको छ ।

यस अवधिमा उद्योगहरुको आयमा समेत ह्रास आएको पाईएको छ|सर्वेक्षणमा सहभागी उद्योगीहरुले अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा ३.८७ प्रतिशतले आय घटेको जनाएका छन्|यो भन्दा अघिल्लो त्रैमासमा पनि १.८७ प्रतिशतले आयमा ह्रास आएका जनाएका थिए । माग र राजश्वमा आएको गिरावटका कारण सर्वेक्षणमा सहभागी कूल उद्योगहरुमध्ये ६५.५७ प्रतिशतले आगामी त्रैमासका लागि नयाँ लगानी नरहेको समेत जनाएका छन् ।

उद्योगीहरुले अझै पनि उत्पादनका लागि जेनेरेटरको प्रयोग गर्ने गरेको पाइएको छ । यस सर्वेक्षणमा सहभागी ५४.३९ प्रतिशत उद्योगहरुले अझै पनि जेनेरेटरको प्रयोग गर्दै आएको जनाएका छन् । यसले उत्पादन लागतमा १२.८९ %ले वृद्धि भएको पनि जनाइको छ ।

सर्वेक्षणका सहभागी उद्योगहरुले आफ्नो कुल चालु पुँजी कर्जा ४२.७४ प्रतिशत ऋणबाट प्राप्त गर्ने गरेको जनाएका छन् । यो अघिल्लो त्रैमासको तुलनामा २ .७१ प्रतिशतले बढी हो । यस किसिमको कर्जाको औसत ब्याज दर ११.२८ रहेको जनाइएको छ ।

सर्वेक्षणको विस्तृत प्रतिवदेन https://cni.org.np/publications मा हेर्न सकिन्छ ।